# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
प्रदेश नं. ३ नेपाल

फोन नं. ०१-४३१५७६६

प.सं.: २०७८।०७९

च.नं.: १८६ :

मिति : २०७८।२।११

**विषय- आधारभूत तह कक्षा (८) को वार्षिक मूल्याङ्कन सम्बन्धमा ।**

श्री सबै विद्यालयहरु,
चन्द्रागिरि नगरपालिका, बलम्बु, काठमाण्डौं ।

प्रस्तुत विषयमा कोभिड - १९ को नयाँ भेरियन्ट सहितको दोश्रो कहर तीव्ररुपमा फैलिरहेको र २०७८ आषाढ १ गतेबाट नयाँ शैक्षिक सत्र शुरु हुने भएको हुँदा विद्यार्थीको भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न सक्ने स्थिति नरहेको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकास्तरीय आधारभूत परीक्षा समितिको मिति २०७८।२।११ गतेको निर्णय अनुसार यस चन्द्रागिरि नगरपालिकाभित्र कक्षा ८ सञ्चालन भईरहेका सबै विद्यालयहरुले शैक्षिक सत्र २०७७ सालको कक्षा ८ को बार्षिक मूल्याङ्कन पहिलो तथा दोश्रो त्रैमासिक परीक्षाबाट चालिस प्रतिशत, निरन्तर विद्यार्थी मूल्यङ्कन गरी विद्यालयमा राखिएको विद्यार्थी अभिलेखबाट चालिस प्रतिशत र सम्बन्धित विषय शिक्षकले अनलाइन तथा अफलाइन तथा वैकल्पिक माध्यमबाट राय, विश्लेषण र मूल्याङ्कन गरी बीस प्रतिशत कायम गरी विद्यालयले अन्तिम मूल्याङ्कन सम्पन्न गरी मिति २०७८।२।२७ गते सम्ममा अनलाइन मार्क प्रविष्ट गर्न सम्बन्धित सबैमा यसै पत्रद्वारा जानकारीका लागि अनुरोध छ ।

**कर्ण बहादुर भुवाजी**
**अधिकृत स्तर दशौं**

**बोधार्थः-**
श्री मान् नगरप्रमुखज्यू, च.न.पा. काठमाण्डौं ।
श्री मान् नगर उप प्रमुखज्यू, च .न.पा. काठमाण्डौं ।
श्री मान् प्रमुख प्रशासकीय अधिकृतज्यू, च .न.पा. काठमाण्डौ ।